# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०९/१४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २२२१ मिति २०८१/१०/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १७२६ मिति २०८२/०९/०७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, कुम्भि, कुसुम, मौवा, हर्रो, झींगट, टिकुल, तेन्दु, दवदवे, प्यारी, बर्रो, बोटधगेरो, भुडकुल, अगै जातका कुल जम्मा गोलिया थान १४१० को ११९९४.०९ क्यू.फिट काठ तथा साल जातको ७ चट्टा दाउरा र अन्य जातको १७.५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री जनमुखी सामुदायिक वन उपभोक्ता समूह**

राप्तीसोनारी-०२, बाँके

## सम्पादकीय

# सामुदायिक अस्पतालको सराहनीय सेवा

लुम्बिनी प्रदेशको बुटवलबाट सुरु भई पश्चिम नेपालको जीवनरेखाका रूपमा स्थापित गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले पछिल्ला १२ वर्षमा दिएको सेवा केवल स्वास्थ्य उपचार मात्र होइन, राज्यको कमजोर उपस्थिति पूर्ति गर्ने सामाजिक अभियान हो । 'स्वस्थ मुटु हाम्रो अभियान' भन्ने नारासहित सुरु भएको यस अस्पतालले आज लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिमका ४२ जिल्लाका नागरिकलाई जीवन दिने काम गरिरहेको छ । पाँच लाखभन्दा बढी बिरामीको उपचार, हजारौं मुटुका जटिल प्रक्रिया, तीन लाखभन्दा बढी निःशुल्क डायलाइसिस-यी सबै तथ्यले यो अस्पतालको सामाजिक महत्व स्पष्ट देखाउँछन् ।

तर विडम्बना, जसले राज्यको दायित्व बोकेर सेवा दिइरहेको छ, त्यही संस्थालाई आज राज्यकै लापरवाहीले संकटमा धकेलेको छ । नेपाल सरकारले घोषणा गरेको विपन्न नागरिक औषधी उपचार कार्यक्रम, मुटु रोगीका लागि क्याथल्याब अनुदान र निःशुल्क डायलाइसिसजस्ता कार्यक्रम कागजमा मात्र प्रभावकारी देखिन्छन् । व्यवहारमा भने भुक्तानी प्रणालीको अन्योल, निकायबिचको असमञ्जस र ढिलासुस्तीले सामुदायिक अस्पतालहरूलाई धराशायी बनाउँदै लगेको छ ।

गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले यस आर्थिक वर्षमा मात्रै १८ करोडभन्दा बढीको उपचार सेवा प्रदान गर्दा सरकारबाट पाउनुपर्ने २० करोडभन्दा बढी रकम अझै बाँकी छ । औषधी आपूर्ति रोकिएको, स्वास्थ्यकर्मीको तलब प्रभावित भएको र निःशुल्क सेवै बन्द गर्नुपर्ने अवस्था आउनु राज्यका लागि गम्भीर चेतावनी हो । यदि पुस मसान्तसम्म भुक्तानी नआए माघ १ गतेदेखि मुटु उपचारको एक लाख अनुदान र निःशुल्क डायलाइसिस सेवा बन्द हुने घोषणा केवल अस्पतालको पीडा होइन, हजारौं विपन्न नागरिकको जीवनसँग जोडिएको संकट हो । स्वास्थ्य जस्तो संवेदनशील विषयमा राज्यले यसैपनि अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । सेवाभन्दा नाफा र व्यवसायमा केन्द्रित रहेको अवस्थामा आम नागरिकले स्वास्थ्यकै लागि धेरै लगानी गर्नुपरिरहेको छ ।

स्वास्थ्य सेवा कुनै दया होइन, संविधानले प्रत्याभूत गरेको मौलिक हक हो भन्ने कुरा बुझ्न जरुरी छ । अब पनि जिम्मेवार निकायहरू मौन बसिरहे भने यसको प्रत्यक्ष मूल्य सर्वसाधारण नागरिकले चुकाउनुपर्नेछ । यसैले, सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य बिमा बोर्ड र सम्बन्धित सबै निकायहरू तत्काल समन्वयमा आएर बाँकी भुक्तानी सुनिश्चित गर्नुपर्छ । सामुदायिक अस्पताललाई साझेदारका रूपमा हेरी सेवा प्रवाहलाई अझ सहज, सुलभ र प्रभावकारी बनाउनु आजको अपरिहार्य आवश्यकता हो । जीवन जोगाउने संस्थालाई संकटमा होइन, भरोसामा राख्नु नै सुशासनको वास्तविक परीक्षा हो । अस्पतालका लागि आवश्यक जग्गा उपलब्ध गराउने, सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन प्रोत्साहन गर्न जरुरी छ ।

# मौन रहने अधिकार र आयोगमा बयान दिन नजाने ओली अडान



डिल्लीराज आचार्य

बेलाको बोली

प्रकाशित र प्रशारित समाचारहरुअनुसार गत भदौ २३ र २४ गतेको ज्यान आगजनी तोडफोड जस्ता विश्मयकारी दुःखद घटनाहरुको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन दिन गठन भएको जाँचबुझ आयोगको कार्यअन्तिम अन्तिमतिर गइरहेको भन्ने बुझिन्छ । अन्तिममा बयानका लागि आयोगले बोलाउने पात्र बनेका छन तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ।

'सुशिला कार्की सरकारले गरेका कुनैपनि काम कारबाही वैध होइनन् र वैध मानिँदैनन्, त्यसैले गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको गत भाद्र २३/२४ को घटनाको जाँचबुझ आयोग पनि अस्वीकार्य छ, खारेज योग्य छ । अध्यक्षमा नियुक्त हुनु अगाडि नै सामाजिक सञ्जालमार्फत दोषी ठहर गरिसकेका पूर्वाग्रही मानसिकताका गौरीबहादुर कार्की पनि असंवैधानिक र अस्वीकार्य छन्' भन्दै प्रारम्भदेखि नै वर्तमान सुशिला कार्की नेतृत्वको सरकारलाई असंवैधानिक भन्दै अस्वीकार गरी आएको दल हो नेकपा एमाले र त्यसका नेता हुन् अध्यक्ष हुन् केपी शर्मा ओली ।

केपी शर्मा ओली नेकपा एमालेको ११ औं महाधिवेशनको उद्घाटन सत्रमा केही नरम बोलीमा प्रस्तुत भएपनि अध्यक्षमा ह्याट्रिक विजयी घोषणापश्चातको शपथ ग्रहण कार्यक्रममा पुरानै भाव र शैलीमा कड्केर बोले,'एमाले नेतृत्वलाई छोएमा देश ठप्प हुनुपर्छ । त्यो कदम निकै महँगो पर्नेछ । यो सरकार ढल्नु पर्छ । ढालिने छ । यो सरकार ढाल्नका लागि देशभरिबाट नेकपा एमाले तयारी अवस्थामा रहनुपर्छ । एमाले नेतृत्वलाई छुनु संसारमै मँहगो पर्नेछ ।'

ओलीको यो कडकदार बोली फेरि त्यतिबेला आएको छ, जतिबेला आयोगले ततकालीन गृहसचिव, गृहमन्त्री र प्रधानमन्त्री ओलीलाई यही पुसको दोस्रो हप्तामा बयानका लागि बोलाउने भन्ने अध्यक्ष कार्कीका बोली र समाचारहरु बाहिर आएका छन । सन्दर्भले राइट टू साइलेन्स अर्थात् मौन रहने अधिकार तथा ततसम्बन्धमा भएका संवैधानिक एवं कानुनी व्यवस्थाहरुको स्मरण गर्नुपर्ने समय सन्दर्भ बनेको छ ।

'राइट टू साइलेन्स' अर्थात् 'मौन रहने अधिकार' भन्नाले कुनै पनि व्यक्ति आफू उपर लागेको कुनै फौजदारी अभियोगका सम्बन्धमा स्वेच्छाले केही भन्न चाहेको अवस्थामा बाहेक केही भन्नका लागि वा ततसम्बन्धमा कुनै सूचना वा जानकारी दिनका लागि उसलाई बाध्य बनाउन नमिल्ने अधिकारलाई बुझिन्छ । यो त्यस्तो संवैधानिक वा कानुनी हक वा सुविधा हो, जसले कुनैपनि व्यक्तिलाई आफूउपर लागेको अभियोगका बारेमा केही नभनी चुप रहने वा कुनै प्रकारको सूचना दिन इन्कार गर्ने अधिकार दिएको हुन्छ । यसबाट व्यक्तिलाई आत्मरक्षाको अधिकारसमेत सुरक्षित रहेको मानिन्छ ।

मौन रहने अधिकार बेलायती कानुन प्रणाली (कमन लिगल सिस्टम) को उपज हो । यस प्रणालीलाई अंगीकार गर्ने संसारका प्रायः सबै देशहरुमा यसलाई मान्यता दिइएको छ । सत्रौ शताब्दिमा फेयर ट्रायलको मान्यता स्वीकार्य भएपछि मानव अधिकारसम्बन्धी युरोपियन महासन्धि, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा १९४८, मानव अधिकार सम्बन्धी कानुनहरुले फौजदारी न्यायमा मौन रहने अधिकारलाई परिभाषित र संरक्षित गर्दै आएको पाइन्छ । कमन ल प्रणाली अपनाएका प्रायः सबै देशमा छ मौन रहने अधिकार । छिमेकी देशमध्ये भारतमा (धारा २०/३) ले यसलाई संरक्षित गरेको छ । चीनमा संविधानको धारा ९३ ले सोधिएका सवालहरुको जवाफ दिनुपर्ने भनी करिबकरिब बाध्यकारी रुपमा राखे पनि फौजदारी कानुनमा भएको सन् १९९७ को संशोधनबाट यातना, धम्की वा कुनै प्रभावमा परी वा असम्बन्धित सवालको बयान दिन बाध्य नहुने भन्ने व्यवस्था गरेर परोक्ष्य रुपमा मौन रहने अधिकारको सम्मान गरिएको पाइन्छ ।

विशेष गरी फौजदारी न्यायमा कमन ल प्रणाली अपनाएका मुलुकहरुमा पक्राउ परेको व्यक्ति मौन रहन सक्दछन् र अभियोग प्रमाणित गर्ने भार अभियोजनकर्ता अर्थात् राज्य पक्षको हुन्छ । प्रारम्भमा सबै फौजदारी अभियोगहरुमा कुनै पनि व्यक्तिमा मौन रहने अधिकार रहन्छ भनिएपनि केही देशहरुमा सन् १९९० तिर आएर आतंकवाद, मानव किनबेच, राज्यद्रोह वा आम नागरिकप्रतिको गम्भीर जालसाजीजन्य कसूरहरुमा यो उन्मुक्ति सीमित हुन पुगेको छ । महादीपीय कानुन प्रणालीमा भने कुनैपनि फौजदारी कसूरको अभियोगका बारेमा मौन रहन पाइँदैन । मौन रहनु उसकै निमित्त प्रत्युत्पादक मानिन्छ ।

'कानुनबमोजिम बाहेक कुनैपनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन (धारा १७/१),कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन (धारा २०/६), प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ (धारा २०/८), प्रत्येक व्यकिलाई स्वतन्त्र निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ (धारा २०/९), पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना वा निजसँग निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन (२२/१), आदि स्वच्छ सुनुवाई तथा मौन रहने अधिकार सँग सम्बन्धित संवैधानिक व्यवस्थाहरु हुन् ।

मुलुकी अपराध संहिता २०७४ को दफा १० (स्वच्छ सुनुवाई), दफा ११ (आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने) र दफा १२ (कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने) व्यवस्थाहरु पनि सम्बन्धित मानिन्छन् ।

मौन रहने अधिकारा र उल्लिखित संवैधानिक एवं कानुनी व्यवस्थाको सन्दर्भबाट हेर्दा जाँचबुझ आयोगमा बयान दिन नजाने केपी शर्मा ओलीको अडानको पर्दाको सक्कली उद्घाटन र पर्दाको पटाक्षेप अर्थात् बन्द कसरी होला भन्ने सवाल समकालीन ज्ञान वा चर्चाको विषय बनेको छ ।

जाँचबुझ आयोगलाई अदालतलाई भएसरहको अधिकार (जाँचबुझ आयोग ऐन २०२६ को दफा ४(३) भएकाले प्रथमतः जाँचबुझ आयोगले उपस्थितिका लागि के पी शर्मा ओलीका नाउमा सूचना अवश्य जारी गर्नेछ । उक्त म्याद निजले बुझ्न इन्कार गरेमा सार्वजनिक रुपमा प्रशारण गर्ने वा प्रकाशन गर्न सक्नेछ । त्यसपछि जारी सूचना (म्याद) अनुसार तोकिएको दिन वा म्यादभित्र उपस्थित हुन नआएमा निजलाई उपस्थित गराउनु भनी प्रहरी प्रधान कार्यालयलाई पत्र लेख्न सक्नेछ । यस अवस्थामा मातहतका प्रहरीमार्फत वा स्पेशल टास्कफोर्समार्फत पक्राउ गरी उपिस्थित गराउने कानुनी दायित्व प्रहरी प्रधान कार्यालयको हुनेछ । प्रहरी प्रधान कार्यालयले पक्राउ गरी उपस्थित गराउन नसकेको अवस्थामा फरार रहेको मानी आयोगले सार्वजनिक रुपमा पनि सवालहरु जारी गरी बुझ्ने प्रयास गर्न सक्नेछ ।

सार्वजनिक सूचनामार्फत जारी गरिएका सवालहरुको जवाफसमेत निजले सूचना प्रविधिको माध्यमबाट पनि नदिई मौन नै रहेको अवस्थामा आयोगको अवहेलनाको कसूरमा रु.पाँच सयसम्म जरिवाना गरी बुझिएसम्मका प्रमाणका आधारमा निजका सम्बन्धमा के कसो हुने हो भन्ने राय उल्लेख गरी प्रतिबेदन बुझाउने छ । वर्तमान अवस्थामा सरसर्ती हेर्दा यसरी नै अनुमान गर्न सकिन्छ ।

केपी शर्मा ओलीको मौन रहने अधिकारको प्रयोगलाई स्वभाविकता वा अस्वभाविकता के मान्ने ? आयोगको पत्र आएको अवस्थामा निजलाई पक्राउ गरी आयोगसमक्ष उपस्थित गराउन नसकेको अवस्थामा उठ्न सक्ने प्रहरी प्रधान कार्यालय र अन्ततः गृह प्रशासनको कार्यक्षमताको सवालको व्यवस्थापन कसरी हुने हो ? त्यस अवस्थामा केपी शर्मा ओलीलाई पनि फरार अभियुक्तका रुपमा राखेर प्रतिवेदन तयार गर्ने अवस्था परेमा आयोगको समक्षतामा गम्भीर प्रश्न उठने हो वा गृह प्रशासनको क्षमतामा पनि ? यावत सवालहरु तेर्सिने छन् मुलुकी शासक, प्रशासकहरु र संबद्धहरुको क्षमताका बारेमा ।

यस प्रकरणमा देखिने दृश्यहरुको माध्यमबाट समयले नेपाली प्रशासनिक एवं अर्धन्यायिक न्यायको भूमिमा राइट टू साइलेन्स अर्थात् मौन रहने अधिकारको प्रयोग र यसको उपयोगिताको पनि राम्ररी परीक्षा लिनेछ । संगसँगै कानुन निर्धाका लागि मात्र हो कि बलियाका लागि पनि हो कानुन भन्ने र कानुन नुनको सोझो गर्ने औजार मात्र हो कि वास्तविक न्यायको अनुभूतिको माध्यम भन्नेपनि स्पष्ट हुनेछ । सँगसँगै राष्ट्रपति प्रधानमन्त्रीसहितको पछिल्लो छलफलमा 'आयोग आफ्नै घरमा आएमा जे भन्नुपर्ने हो भनौंला' भन्ने अर्थका शब्दहरु ओलीबाट आएपछि अब ओलीले मौन अधिकारको प्रयोग नगर्ने र घरमै आए बयान दिने भए भन्ने अर्थको बुझाई आम रुपमा बढिरहेको छ ।

जाँचबुझ आयोगलाई अदालतलाई भएसरहको अधिकार हुने र आवश्यक कार्यविधि आफैं बनाउन सक्ने अधिकारसमेत भएकाले ओलीकै निबास गुण्डुमा गएर बयान लिन नसक्ने भन्ने । यसका लागि अशक्त बिरामी, अतिवृद्धि तथा अन्य मनासिब बाध्यात्मक अवस्था परेको भन्ने देखिनुपर्छ अन्यथा आयोगको नीति पनि त्यही लम्पसार शैलीकै मानिने छ । संवैधानिक एवं कानुनी नैतिकताको दृष्टिबाट आयोगमा उपस्थित भई बयान दिन अस्वीकार गर्नुलाई स्वभाविक मानिँदैन । जे परेको बेहोरुँला तर आयोगमा जान्न र बलपूर्वक लगेपनि मौन रहन्छु भन्ने हठ राखुलाई मौन रहने अधिकारको प्रयोगको अर्थमा पनि लिनुपर्ने हुन्छ । परिवर्तित हुँदै गएको पछिल्लो परिस्थितिले म कुटे जस्तो गर्छु तँ रोए जस्तो गर् भन्ने हुने हो कि भन्ने देखिएको छ । अर्थात् चुनावी वातावरणको लागि सरकार पनि लचिलो र ओली पनि लचिलो हुने संकेतहरुले कार्यविधि पुराका मजुराहरु घन्कने बेला (समय) का रुपमा पटाक्षेप हुने सम्भावना बढेको छ । मौन रहने अधिकार र ओली अडान सन्दर्भको एकांकी पटाक्षेपका लागि अब भने धेरै पर्खुन पर्ने छैन । (ऐरावती-१ धनवोट, प्यूठान)

# वाणिज्य क्याम्पसमा गुणस्तर अभिवृद्धि अभिमुखीकरण

बुटवल, पुस १३ (मेसस) । बुटवलको लुम्बिनी वाणिज्य क्याम्पसमा दुईदिने गुणस्तर अभिवृद्धिसम्बन्धी अभिमुखीकरण कार्यक्रम आइतबारदेखि सुरु भएको छ । लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशका ३० वटा उच्च शैक्षिक संस्थाका क्याम्पस प्रमुख र क्यूएए फोकल पर्सनहरुका लागि दुई दिने अभिमुखीकरण कार्यक्रम सुरु भएको हो ।

प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरुलाई गुणस्तर अभिवृद्धि, वार्षिक प्रगति प्रतिवेदन, आन्तरिक गुणस्तर सुनिश्चिततासम्बन्धी म्यानुअल यस क्याम्पसको अवलोकन गरी आवश्यक सल्लाह सुझाव आदानप्रदान गर्न पनि सहभागीहरुलाई अनुरोधसमेत गरे । यस्तै लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा.ताराप्रसाद उपाध्यायले स्वागत मन्तव्य मार्फत सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै उच्च शैक्षिक संस्थाहरुले देशको समग्र शिक्षाको भार बहन गरेता पनि राज्यबाट आवश्यक नीति निर्माण नहुँदा गुणस्तर प्राप्त क्याम्पसहरुले लक्ष्यअनुरुप कार्य गर्न नसकेको बताए ।

विश्वविद्यालय अनुदान आयोग, नेपालको उपनिर्देशक भगवती पौडेलले पहिलो, दोस्रो र तेस्रो चरणको




र स्वअध्ययन प्रतिवेदनसम्बन्धी व्यवस्थाहरुका बारेमा जानकारी दिने उद्देश्यले विश्वविद्यालय अनुदान आयोग, नेपाल गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को आयोजना एवं लुम्बिनी वाणिज्य क्याम्पसको व्यवस्थापनमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रम उद्घाटन सत्रमा बोल्दै विश्वविद्यालय अनुदान आयोग, नेपालका सदस्य सचिव प्रा.डा. ज्ञानबहादुर थापाले नेपालमा उच्च शैक्षिक संस्थाहरुको गुणस्तर अभिवृद्धिका लागि आफू कटिबद्ध भएर लागिरहेको बताए । वैदेशिक अध्ययनका लागि विद्यार्थीहरु बाहिरिने कारणले नेपालका उच्च शैक्षिक संस्थाहरु धरासायी हुँदै गएकाले सोको न्यूनीकरणतर्फ आफू कार्ययोजनासहित अगाडि बढेको बताए ।

यस्तै लुम्बिनी वाणिज्य क्याम्पस सञ्चालक समिति अध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठले विश्वविद्यालय अनुदान आयोग, नेपालले लुम्बिनी वाणिज्य क्याम्पसलाई यस कार्यक्रमको व्यवस्थापनको जिम्मेवारी प्रदान गरेकोमा आभार प्रकट गर्नुका साथै तेस्रो चरणको क्यूएए प्रमाणपत्र प्राप्त क्यूएए प्रमाणपत्र प्राप्त क्याम्पसहरु आफैंमा विविधता रहेकाले दुई दिने अभिमुखिकरण कार्यक्रममा अनुभव आदानप्रदान गरी गुणस्तर अभिवृद्धिको लक्ष्यमा सहयोग पुग्ने आशा व्यक्त गरे ।

कार्यक्रम सञ्चालन लुम्बिनी वाणिज्य क्याम्पस क्यूएए फोकल पर्सन उपप्राध्यापक पुनाराम घिमिरेले गरेका थिए । पहिलो दिनको पहिलो सत्रमा विश्वविद्यालय अनुदान आयोग, नेपालका सहायक निर्देशक नारायणप्रसाद भण्डारीले गुणस्तर प्रमाणपत्रको थप चक्रको लागि एसएसआर तयारी, बुझाइ, बेन्चमार्क र रिपोर्टिङका सूचकहरूको बारेमा र दोस्रो सत्रमा उपनिर्देशक भगवती पौडेलले गुणस्तर सुनिश्चितता तथा प्रत्यायनसम्बन्धी राष्ट्रिय आकाक्षां र विद्यमान नीति नियमहरुको बारेमा सहभागीहरुलाई प्रशिक्षण दिएका थिए भने तेस्रो सत्रमा तेस्रो चरणको क्यूएए प्रमाणपत्र प्राप्त गर्न सफल लुम्बिनी वाणिज्य क्याम्पस, बुटवलका क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्यायले अनुभवहरु तथा सामाना गरेका चुनौतीहरु सहभागीमाझ सुनाएका थिए ।

# गौतमद्वारा लिखित 'शब्दका छर्रा' लोकार्पण

तिलोत्तमा, पुस १३ (मेसस) । साहित्यकार नारद गौतमद्वारा लिखित 'शब्दका छर्रा' नामक कविता सङ्ग्रहको लोकार्पण भएको छ । लोकार्पण कार्यक्रम लुम्बिनी वाङ्मय प्रतिष्ठान रुपन्देहीको आयोजनामा जनजागृति माध्यमिक विद्यालय योगीकुटीमा सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम पाण्डेयले कृतिकारलाई बधाई र कृतिको सफलताका लागि शुभकामना दिँदै उपस्थित सम्पूर्ण साहित्यकारलाई स्वागतका शब्दसहित प्रतिष्ठानका गतिविधिका बारेमा जानकारी गराएका थिए ।

त्यसैगरी प्रा.डा.हिरण्यलाल ज्ञवालीले कृति समीक्षाका क्रममा गौतमले नेपाली भाषामा प्रयोगविहीन हुन लागेका शब्दका बारेमा गहनतम अध्ययन र उजागर गर्ने कार्य गरेको बताउँदै कविता काव्यका क्षेत्रमा शब्दका छर्रा कृति पठनीय रहेको बताए भने कार्यक्रमका प्रमुख अतिथि साहित्यकार रुद्र ज्ञवालीले गौतम संस्कृतका ज्ञाता, प्रचलनविहीन नेपाली भाषाका अनुसन्धाता रहेको बताउँदै नेपाली साहित्य र भाषाको श्रीवृद्धिमा पुर्‍याएको योगदानको प्रशंसा गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका केन्द्रीय अध्यक्ष ऋषि आजाद, साहित्यकार विजय हितान, मदनलाल पौडेल, रमेश समर्थन, लक्ष्मण ज्ञवाली, तिलक लामिछाने, दुर्गा थापा मगर, डा.लक्ष्मी पोखरेल 'कोकिला' लगायतले शुभकामना मन्तव्यसहित रचना वाचन गरेका थिए भने गंगा पुरीले लेखकको परिचय र चिनारी दिएका थिए ।

जनजागृति माविका प्रधानाध्यापक टंकप्रसाद पौडेल, लेखककी धर्मपत्नी मधुरा गौतमलगायतको आतिथ्यमा सम्पन्न कार्यक्रममा साहित्यकार नारद गौतमले आफ्नो साहित्यिक लेखनको प्रारम्भ र रचनागर्भका बारेमा लेखकीय मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संयोजन माधव गौतम र कार्यक्रमको सञ्चालन प्रतिष्ठानका उपाध्यक्ष कृष्ण गाउँलेले गरेका थिए ।

## देवदह नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

### रुपन्देही जिल्ला देवदह नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने घोडाहा, रोहिणी, सरन, भलुही र चरंगे खोलाहरूबाट दीगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा र भस्कट उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको तयारी सम्बन्धमा सार्वजनिक सूचना

प्रकाशन मिति: २०८२/०९/१४

देवदह नगर कार्यपालिकाको कार्यालय केरवानी रुपन्देहीद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ अनुसूची-९ नियम-७ को उपनियम-२ अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | देवदह नगरपालिका, केरवानी, रुपन्देही<br>ईमेल: info@devdahamun.gov.np: devdahamun@gmail.com<br>फोन नं.: +९७७ ७१-५७७३०३, ७१-५७७२९२ |
| प्रस्तावको व्यहोरा | रुपन्देही जिल्ला देवदह नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने घोडाहा, रोहिणी, सरन, भलुही र चरंगे खोलाहरुबाट दीगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा र भस्कट उत्खनन् तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने कार्य |
| प्रभाव पर्ने वडाहरु | रुपन्देही जिल्ला, देवदह नगरपालिका, वडा नं ३, ६, ८, ९, १०, ११ र १२ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका वन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | देवदह नगरपालिका, केरवानी, रुपन्देही<br>ईमेल: info@devdahamun.gov.np; devdahamun@gmail.com<br>फोन नं.: +९७७ ७१-५७७३०३, ७१-५७७२९२ |
| परामर्शदाताको नाम र ठेगाना | प्लाटफर्म इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.<br>नयाँबानेश्वर, काठमाडौं<br>ईमेल: platformgroup5@gmail.com<br>फोन नं.: ९८६०३८९७०७, ९८४३७०७१२७ |

प्रमुख प्रशासकीय अधिकृत

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना १४ गत सोमबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **शुभानी लेडिज फेशन कलेक्शन** प्रोप्राइटरको नाम : शर्मिला झेडी मगर प्रा.फ.र.नं. : ११३४/२०७७/२०७८
फर्मको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १ दर्ता मिति : २०७७/०९/२१
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कायालर्य स्थायी लेखा नं. : ६१४७२२७१०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) श्याम वहादुर झेडी मगरको छोरी सुक बहादुर गुरुङ्गको बुहारी दल बहादुर गुरुङ्गको पत्नी नवलपरासी जिल्ला नरम वडा नं. ९ हाल, चितवन जिल्ला भरतपुर वडा नं. १ बस्ने **शर्मिला झेडी मगर** (ना.प्र.नं. : ३६-२-०२/६३ जारी मिति र जिल्ला : २०६५/०३/२४, नवलपरासी)

२) नैन सिंह गुरुङ्गको नाति सुक वहादुर गुरुङ्गको छोरा रुपन्देही जिल्ला चिल्हीया वडा नं. ३ हाल, चितवन जिल्ला भरतपुर वडा नं. १ बस्ने **दल बहादुर गुरुङ्ग** (ना.प्र.नं. : १९७५१ जारी मिति र जिल्ला : २०५७/०९/०३, रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०७९/०७/३० को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ दिने
२) मिति २०७९/१०/०२ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| दल बहादुर गुरुङ्ग | रुपन्देही जिल्ला चिल्हीया वडा नं. ३ | ३ | १०७९ | ६९४.२१ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२ साल पुष महिना २८ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल पुष महिना २९ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र

खलंगा, प्यूठान

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

आ.व. २०८२/०८३ को लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत गुल्मी आयुर्वेद स्वास्थ्य केन्दमा नेपाल स्वास्थ्य सेवा, आयुर्वेद/जनरल आयुर्वेद, आठौं तह (आयुर्वेद चिकित्सक) को स्वीकृत दरबन्दीमा रिक्त रहेको तपशिलको पद लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषद्) बाट स्वीकृत करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित) २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | आयुर्वेद चिकित्सक | अधिकृत आठौं | सम्बन्धित विषयमा स्नातक गरेको हुनुपर्ने | १ |

१. **दरखास्त फारम बुझाउने विधि र स्थान** : यस कार्यालयको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा लुम्बिनी प्रदेश लोक सेवा आयोगको वेवसाइट मार्फत् डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. **दरखास्त दिने स्थान**: प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र, खलंगा प्युठान ।
३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि र माथिल्लो शैक्षिक योग्यता भएमा सो को प्रतिलिपी समेत उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो सहित पेश गर्नुपर्ने छ ।
४. **उमेर** : २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
५. **दरखास्त दस्तुर** :- रु.१०००/-
६. दरखास्त दस्तुर वापतको रकम नेपाल बैंक लिमिटेडको राजश्व दाखिला भौचरमा बाट ।
   बैकको खाता नं २७४०२०००००१००१०००००१ दाखिला गर्नु पर्ने छ ।
   राजस्व शिर्षक नं : १४२२४
   कार्यालय कोड : ३७००१५५०३५
७. **दरखास्त दिने अन्तिम मिति** : २०८२।०९।२८ गते कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म ।
८. **छनौटको किसिम** : संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिने छ) ।
९. **सम्पर्क मिति र स्थान**: दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ।
१०. **सेवा सुविधा** : प्रदेश सरकारको प्रचलित नियमानुसार ।
११. **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धी ।
१२. **अन्तर्वार्ताको मिति, समय र स्थान** : अन्तर्वार्ताको मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ति उपत्यका दाङले तोके बमोजिम ।

नोटः सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
थप जानकारीका लागी सम्पर्क : ०८६-५९००९५, ९८५७८३७०९५, ९८५७८६८०३८

---

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र

तानसेन

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

प्रस्तुत विषयमा आ.व. २०८२/०८३ को लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तरगत यस पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रमा नेपाल स्वास्थ्य सेवा आयुर्वेद जनरल आयुर्वेद आठौं तह (आयुर्वेद चिकित्सक) को स्वीकृत दरबन्दीमा रिक्त रहेको तपशिलको पद लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषद्) बाट स्वीकृत करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित) २०८० बमोजिम पदपुर्ति गर्नुपर्ने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट माग बमोजिमको विवरण भरी बैंकमा राजश्व दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालयमा दरखास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | आयुर्वेद चिकित्सक | अधिकृत आठौं | १ |

१. **दरखास्त फारम बुझाउने विधि** : यस कार्यालयको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशको वेबसाइट mohp.lumbini.gov.np मार्फत् डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. **दरखास्त दिने स्थान**: पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन ।
३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरणभएको प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि र माथिल्लो शैक्षिक योग्यता भएमा सो को प्रतिलिपी समेत उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रतिफोटो सहित पेश गर्नुपर्ने छ ।
४. **उमेर** : २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
५. **दरखास्त दस्तुर** : रु.१०००/-
६ दरखास्त दस्तुर वापतको रकम रा.वा. बैक लिमिटेडको राजश्व दाखिला भौचर ।
   बैकको खाता राष्ट्रिय बाणिज्य बैंकमा दाखिला गर्नु पर्ने छ ।
   राजस्व शिर्षक नं : १४२२४
   कार्यालय कोड : ३७००१५००४५
७. **दरखास्त दिने अन्तिम मिति** : २०८२।०९।२८ गते कार्यालय समयभित्र । उक्तदिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म ।
८. **छनौटको किसिम** : संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिने छ) ।
९. **सम्पर्क मिति र स्थान**: दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ।
१०. **सेवा सुविधा** : प्रदेश सरकारको प्रचलित नियमानुसार ।
११. **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धी ।
१२. **अन्तर्वार्ताको मिति, समय र स्थान**: अन्तर्वार्ताको मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ति उपत्यका दाङले तोके बमोजिम ।

नोट : सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ साथै लोकसेवा आयोग वा अन्य प्रकृयाबाट सो पद पुर्ति भएमा स्वतः सेवा समाप्त हुनेछ ।
थप जानकारीका लागी सम्पर्क : पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नु होला वा कार्यालयको निम्न फोन नं. मा सम्पर्क गुर्न होला ०७५५२०८२३, ९८५७०२०८२३

कार्यालय प्रमुख

---

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

तेश्रो पटक सूचना प्रकाशन मितिः २०८२/०९/१४

जोडमहुवा सामुदायिक वन उपभोक्ता समूह, विजयनगर गा.पा.-०१, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट नं १ र ४ कायम भएको विभिन्न जातको गरी ५७८ थान गोलियाको ३०६८.६२ क्यू फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले १५ दिनसम्ममा बोलपत्र खरिद गरि १६औं दिनभित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जोडमहुवा सामुदायिक वन उपभोक्ता समूह**
विजयनगर गा.पा.-०१, कपिलवस्तु

---

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र

तम्घास, गुल्मी

### सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

आ.व. २०८२/०८३ को लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत गुल्मी आयुर्वेद स्वास्थ्य केन्दमा नेपाल स्वास्थ्य सेवा, आयुर्वेद/जनरल आयुर्वेद, आठौं तह (आयुर्वेद चिकित्सक) को स्वीकृत दरबन्दीमा रिक्त रहेको तपशिलको पद लुम्बिनी प्रदेश सरकार (मन्त्री परिषद्) बाट स्वीकृत करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित) २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०३-२०८२/०८३ | आयुर्वेद चिकित्सक | अधिकृत आठौं | सम्बन्धित विषयमा स्नातक गरेको हुनुपर्ने | १ |

१. **दरखास्त फारम बुझाउने विधि र स्थान** : यस कार्यालयको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा लोकसेवा आयोग, लुम्बिनी प्रदेशको वेवसाइट मार्फत् डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. **दरखास्त दिने स्थान**: गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र, तम्घास, गुल्मी ।
३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि र माथिल्लो शैक्षिक योग्यता भएमा सो को प्रतिलिपी समेत उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो सहित पेश गर्नुपर्ने छ ।
४. **उमेर** : २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
५. **दरखास्त दस्तुर** : रु.१०००/-
६. **दरखास्त दस्तुर बुझाउने तरिका** : रा.बा. बैकको खाता नं. १०००१००२०००१०००० मा कार्यालय कोड नं. : ३७००१५२०३५ राजस्व शिर्षक नं : १४२२४ मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्तसाथ पेश गर्नुपर्ने छ ।
७. **दरखास्त दिने अन्तिम मिति** : २०८२।०९।२८ गते कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म ।
८. **छनौटको किसिम** : संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिने छ) ।
९. **सम्पर्क मिति र स्थान**: दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ।
१०. **सेवा सुविधा** : प्रदेश सरकारको प्रचलित नियमानुसार ।
११. **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धी ।
१२. **अन्तर्वार्ताको मिति, समय र स्थान** : अन्तर्वार्ताको मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ति उपत्यका दाङले तोके बमोजिम ।

नोटः सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
थप जानकारीका लागी सम्पर्क : ०७९-५२००५०, ९८५७०४८६५१

---

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र

रोल्पा

### सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

आ.व. २०८२/०८३ को लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत रोल्पा आयुर्वेद स्वास्थ्य केन्दमा नेपाल स्वास्थ्य सेवा, आयुर्वेद/जनरल आयुर्वेद, आठौं तह (आयुर्वेद चिकित्सक) को स्वीकृत दरबन्दीमा रिक्त रहेको तपशिलको पद लुम्बिनी प्रदेश सरकार(मन्त्री परिषद्) बाट स्वीकृत करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित) २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले अर्को व्यवस्थान भएसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | आयुर्वेद चिकित्सक | अधिकृत आठौं | सम्बन्धित विषयमा स्नातक गरेको हुनुपर्ने | १ |

१. **दरखास्त फारम बुझाउने विधि र स्थान** : यस कार्यालयको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशको वेवसाइट mohp.lumbini.gov.np मार्फत् डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. **दरखास्तदिने स्थान**: रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, लिवाङ, रोल्पा ।
३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि र माथिल्लो शैक्षिक योग्यता भएमा सो को प्रतिलिपी समेत उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रतिफोटो सहित पेश गर्नुपर्ने छ ।
४. **उमेर** : २१ वर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
५. **दरखास्त दस्तुर** : रु.१०००/-
६. **दरखास्त दस्तुर बुझाउने तरिका**: रा.बा. बैकको खाता नं. २७४०२०००००१००१०००००१ मा कार्यालय कोड नं. : ३७००१५४०३५ राजस्व शिर्षक नं : १४२२४ मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्तसाथ पेश गर्नुपर्ने छ ।
७. **दरखास्त दिने अन्तिम मिति** : २०८२।०९।२८ गते कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म ।
८. **छनौटको किसिम** : संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनौट गरिने छ) ।
९. **सम्पर्क मिति र स्थान**: दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ।
१०. **सेवा सुविधा** : प्रदेश सरकारको प्रचलित नियमानुसार ।
११. **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धी ।
१२. **अन्तर्वार्ताको मिति, समय र स्थान**: अन्तर्वार्ताको मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ति उपत्यका दाङले तोके बमोजिम ।

नोटः सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
थप जानकारीका लागी सम्पर्क : ९८५७८२४७२५, ९८५८७७०२७

---

## काठ/दाउरा कटान मुछान तथा संकलन घटाघट ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०९।१४

श्री डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) को च.नं. १४८४ मिति २०८२/०९/०९ गतेको काठ दाउरा संकलन सहमती पत्र बमोजिम यस शिवराज साझेदारी वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा यस साझेदारी वन क्षेत्रमा C1S2 सव कम्पार्टमेन्टमा छपान भएका पुनरुत्पादन कटान तर्फ ठेक्का नं १ रुख संख्या ४१२ को अनुमानीत १७६१८।९८ क्यु फिट काठ ३६।३६ चट्टा दाउरा र सम्पुर्ण वन क्षेत्रका ढलापडा तर्फ ठेक्का नं २ रुख संख्या ७८ को ३०३३।८७ क्यु फीट काठ र ४।३७ चट्टा दाउरा कटान मुछान गरी घाटगद्दीमा संकलन गर्ने कार्य गर्नुपर्ने भएकोले वोलपत्रद्धारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न पहिलो पटक यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका ईच्छुक काठ/दाउरा संकलन तथा विक्रि वितरण गर्ने प्रयोजनका लागि दर्ता भएका संघ, संस्था फर्महरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिनसम्ममा प्रत्येक ठेक्काको लागी छुट्टाछुट्टै सिलवन्दी बोलपत्र खरिद गरि ३१औ दिनको २.०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**श्री शिवराज साझेदारी वन उपभोक्ता समूह**
शिवराज न.पा.-५, चन्द्रौटा, कपिलवस्तु

---

## आवश्यकता

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/१४

सियारी गाउपालिका गाउ कार्यपालिकाको कार्यालय हर्नैया-३ रुपन्देहीको मिति २०८२/०८/०३ गतेको प.सं. २०८२/०८३ च.नं. ८७४ को पत्रानुसार नि.मा.वि. राहत कोटा १ मा विज्ञापन अनुमति प्रदान भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/२२ गतेको बैठकको निर्णय अनुसार यस श्री वीरेन्द्र माध्यमिक विद्यालयमा देहाय वमोजिमको रिक्त पदमा निम्न वमोजिमको योग्य नेपाली नागरिकलाई मिति २०८२/०८/२४ गते दरखास्त आव्हान गरिएकोमा पुनः दोस्रो पटक उक्त पदमा दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

- **विज्ञापन नं.** : १/२०८२/०८३
- **विज्ञापन मिति** : २०८२/०९/१४ गते
- **पद** : शिक्षक
- **तह** : नि.मा.वि.
- **किसिम** : राहत कोटा, १
- **विषय** : विज्ञान
- **नियुक्तिको किसिम** : करार
- **सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार ।
- स्थायी अध्यापन अनुमति पत्र अनिवार्य ।
- **योग्यता** : विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने ।
- **उमेर** : २१ बर्ष पुरा भई ४० वर्ष उमेर पुरा नभएको, नेपाली नागरिक ।
- **निवेदन दस्तुर**: १,५००/- (एक हजार पाच सय मात्र)
- **निवेदन दिने अन्तिम मिति** :२०८२/०९/२० गते दिउसो ४ बजेसम्म ।
- **सम्पर्क मिति** : २०८२/०९/२१ गते दिउसो ४ बजेसम्म ।
- **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
- **निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु** : हस्तलिखित निवेदन १ प्रति, नेपाली नागरिकताको प्रतिलिपी १ प्रति, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी १/१ प्रति, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
- **नोट** : शिक्षक सेवा आयोगद्धारा प्रकाशित पछिल्लो करार सूचिमा परेकालाई प्राथमिकता दिइनेछ । करार सूचिबाट निवेदन नपरेमा परीक्षाको प्रक्रिया अगाडी बढाइनेछ ।
- **विद्यालयको इमेल**: birendramavi873@gmail.com
- **सम्पर्क नं.**: ९८४७२००४४४, ९८१७५६४७१४

प्रधानाध्यापक
**श्री वीरेन्द्र माध्यमिक विद्यालय**
सियारी-५, दुर्गापुर, रुपन्देही

---

## बिमालेख हराएको सुचना

मेरो निम्न व्यहोराको हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको बिमालेख मिति २०८२।०७।०५ गते बुटवलदेखि भैरहवातर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**नामः आरती शर्मा** **ठेगानाः सिद्धार्थनगर-६, रूपन्देही**
**बिमालेख नं.: Gli7110000409**

---

**श्री सल्लेरी सामुदायिक वन उपभोक्ता समूह**
मोहन्याल गा.पा.-४, कैलाली

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

मोहन्याल गा.पा.-४, कैलालीमा रहेको यस सल्लेरी सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भएर उत्पादन भई समूहको कम्पाउण्डमा घाटगद्दी गरि राखिएको ए ग्रेडको साल जातको गोलिया थान २३ को परिमाण ३४३.४६ क्यु फिट, बि ग्रेडको साल जातको गोलिया थान ६८ को परिमाण ७५६.८५ क्यु फिट, सि ग्रेडको साल जातको गोलिया थान १२० को परिमाण ७२५.३५ क्यु फिट, डि ग्रेडको साल जातको गोलिया थान ३१ को परिमाण १७६.८३ क्यु फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

---

**श्री सल्लेरी सामुदायिक वन उपभोक्ता समूह**
मोहन्याल गा.पा.-४, कैलाली

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१४

मोहन्याल गा.पा.-४, कैलालीमा रहेको यस सल्लेरी सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भएर उत्पादन भई समूहको कम्पाउण्डमा घाटगद्दी गरि राखिएको ए ग्रेडको साल जातको गोलिया थान ३ को परिमाण ३४.६९ क्यु फिट, बि ग्रेडको साल जातको गोलिया थान १२ को परिमाण १०६.७ क्यु फिट, सि ग्रेडको साल जातको गोलिया थान २१ को परिमाण ११०.२३ क्यु फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

---

## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/१४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २२२१ मिति २०८१/१०/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १७२६ मिति २०८२/०९/०७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, धौटी, कुम्भि, कुसुम, मौवा, हर्रो, झींगट, टिकुल, तेन्दु, दवदवे, प्यारी, बर्रो, बोटधगेरो, भुडकुल, अगै जातका कुल जम्मा गोलिया थान १४१० को ११९९४.०९ क्यू.फिट काठ तथा साल जातको ७ चट्टा दाउरा र अन्य जातको १७.५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जनमुखी सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-०२, बाँके